जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




बर्ष १३ • अंक ३१७ • २०८३ भदौ २० गते शनिवार • 5 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## राहत संकलन अभियानमा स्थानीय व्यवसायी, महिला उद्यमी तथा विभिन्न संघसंस्थाद्वारा उल्लेख्य सहयोग



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ भदौ

रसुवा बाढीबाट प्रभावित परिवारका लागि जनकपुरधाममा सञ्चालन गरिएको राहत संकलन अभियानमा स्थानीय व्यवसायी, महिला उद्यमी तथा विभिन्न संघसंस्थाले उल्लेख्य सहयोग गरेका छन्। जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाइमा सञ्चालन गरिएको अभियानमार्फत बाढीपीडितका लागि कपडा, खाद्यान्न, जुत्ता, मच्छरजाली, बालबालिकाका सामग्रीलगायतका राहत सामग्री संकलन गरिएको हो।

अभियानमा रञ्जित प्लाइका सञ्चालक मोहन साह र विकास साहले १०० पिस ट्र्याकसुट उपलब्ध गराएका छन् । त्यस्तै, गोबरौरा-७ का पशुराम साहले बालबालिकाका फ्रक तथा लेडिज शल गरी ३० पिस सहयोग गरेका छन् । पवन रेडिमेडका सञ्चालक पवन गुप्ताले विभिन्न प्रकारका १०० पिस कपडा तथा सामग्री प्रदान गरेका छन् ।

महिला उद्यमीहरूको तर्फबाट रिंकु साह र सुनीता ठाकुरले मच्छरजाली, बालबालिकाका कपडा, फ्रुटी, बिस्कुट, सर्फलगायतका सामग्री सहयोग गरेका छन् । त्यसैगरी, डिनोभो फेसन वेयरका प्रोपराइटर मोहम्मद नैम शाफिले बालबालिकाका १२८ पिस सर्ट र ३ पिस ट्र्याकसुट उपलब्ध गराएका छन्। सिया कलेक्सनका प्रोपराइटर पप्पू साहले टी-सर्ट, बालबालिकाका कपडा, लेडिज जिन्स, ज्याकेट, कुर्तालगायत विभिन्न सामग्री दिएका छन् । सलीम सु सेन्टरका प्रोपराइटर पप्पू आलमले १०० पिस जुत्ता, शोभा रेडिमेडका हरि नारायण गुप्ताले जिन्स पेन्ट, भेस्ट तथा ज्याकेट गरी १०० पिस सामग्री सहयोग गरेका छन्। रेहान-कृष्णा, महावीर चोककी मञ्जु साहले खाद्यान्न, बालबालिकाका कपडा, साडी, जिन्स पेन्टलगायत करिब २० हजार रुपैयाँ बराबरको सामग्री उपलब्ध गराएकी छन् । कन्हैया साडी हाउसका प्रोपराइटर नागेन्द्र साहले ९० थान साडी सहयोग गरेका छन् । जानकी पथस्थित गोपाल खिलौना पसलका गोपाल रौनियारले बालबालिकाका फ्रक, लेडिज सूट, पुरुष शर्ट, बालबालिकाका भेस्ट, लेडिज टप तथा जिन्सलगायत विभिन्न सामग्री उपलब्ध गराएका छन् ।

उमेश एण्ड राकेश वस्त्रालयका सञ्चालक बदामी साहले २० थान साडी र २६ थान महिला सूट प्रदान गरेका छन् । यसैगरी, पुस्तक व्यवसायी संघ जनकपुरधामका अध्यक्ष प्रकाश धमला, निवर्तमान अध्यक्ष सरोज चौधरीलगायत पदाधिकारी तथा पुस्तक व्यवसायीहरूले १०१ थान ट्र्याकसुट सहयोग गरेका छन् । लक्ष्मी जनरल अर्डर सप्लायर्सका प्रोपराइटर बजरंग साहले १६ पिस रेडिमेड सुट, करिब १६ हजार रुपैयाँ बराबरको सामग्री उपलब्ध गराएका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य संघका सचिव नरेन्द्र विक्रम साह (निरज) ले प्राप्त सहयोग राहत सामग्रीमा मात्र सीमित नरहेको बताए । उनका अनुसार विपद्को समयमा व्यवसायी तथा नागरिक समाजबाट प्राप्त सहयोगले सामाजिक उत्तरदायित्व र मानवीय एकताको भावना उजागर गरेको छ ।




## जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालन हुने

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ भदौ



जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालन गर्ने विषयमा नेपाल र भारतका अधिकारीबीच पहिलो चरणको छलफल भएको छ ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार भारतको जयनगरस्थित रेल्वे स्टेशनको विश्रामगृहमा नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार, अध्यागमन तथा सुरक्षा निकायका अधिकारीबीच बैठक भएको हो । बैठकमा जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनका लागि आवश्यक पूर्वतयारी तथा प्राविधिक र प्रशासनिक व्यवस्थापनबारे छलफल गरिएको जनाइएको छ। रेल लिङ्क, सिग्नलिङ प्रणाली, अध्यागमन प्रक्रिया, भन्सार चेकपोस्ट, यात्रु सुविधा तथा सुरक्षा व्यवस्थापन बैठकका प्रमुख विषय थिए । रेल सेवा सञ्चालनका क्रममा नेपालतर्फ नेपाली सुरक्षा निकाय र भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु तथा रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा सैद्धान्तिक सहमति समेत भएको प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिए ।

## दोस्रो पटक अतिक्रमण हटाउन गुठी संस्थानद्वारा सात दिनको अल्टिमेटम

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ भदौ



जनकपुरधाम उपमहानगरपालिकाभित्र राजगुठीअन्तर्गत रहेका विभिन्न पोखरी तथा पोखरीका डिलमा गरिएको अतिक्रमण हटाउन गुठी संस्थानले सात दिनको समयसीमा दिएको छ।

गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै राजगुठीअन्तर्गतका पोखरी तथा पोखरीको डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा अतिक्रमण गरी संरचना निर्माण गरेर भोगचलन गरिरहेको जनाएको हो। संस्थानका अनुसार देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर ( विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड लगायतका पोखरी तथा तिनका डिलमा अतिक्रमण भएको पाइएको छ । गुठी संस्थानले शुक्रबार प्रकाशित सूचनामार्फत सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र त्यस्ता अनधिकृत संरचना तथा अतिक्रमण हटाउन निर्देशन दिएको छ । निर्धारित समयभित्र अतिक्रमण नहटाएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत संस्थानले दिएको छ । सूचना कार्यान्वयन गर्दै वास्तविक रूपमा अतिक्रमण हटाउने काम कसरी अघि बढ्छ भन्ने विषय भने चासोको रूपमा रहेको छ ।







# सरकारी जलाशय 'सिंग्रहिया पोखरी' पुरेर निर्माण कार्य

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ भदौ**



महोत्तरीको पिपरा गाउँपालिकामा रहेको सरकारी जलाशय 'सिंग्रहिया पोखरी' पुरेर निर्माण कार्य भइरहेको भन्दै स्थानीयस्तरमा सरकारी सम्पत्तिको संरक्षण र प्रशासनिक जवाफदेहिता माथि प्रश्न उठेको छ।

जनकपुरधाम-जलेश्वर हुलाकी सडकअन्तर्गत पिपरा गाउँपालिकामा पर्ने उक्त पोखरीमा माटो भरेर निर्माण कार्य भइरहेको स्थानीयको भनाइ छ। सरकारी अभिलेखमा सार्वजनिक सम्पत्तिका रूपमा रहेको भनिएको जलाशय पुरेर निर्माण गर्न अनुमति कसले दियो भन्ने विषयमा स्थानीयले सम्बन्धित निकायसँग जवाफ मागेका छन्। स्थानीय रमण पाण्डेयका अनुसार पोखरीमा माटो भर्ने तथा निर्माणसम्बन्धी काममा सरकारी बजेटसमेत प्रयोग भएको आशंका गरिएको छ। यदि सरकारी बजेटबाटै सार्वजनिक जलाशय पुरेर निर्माण गरिएको हो भने त्यसको योजना, बजेट स्वीकृति, खर्च विवरण र निर्माणको वैधानिकताबारे स्पष्ट जानकारी सार्वजनिक गर्नुपर्ने उनको माग छ। सरकारी सम्पत्ति तथा सार्वजनिक जलाशय संरक्षण गर्ने दायित्व स्थानीय तहदेखि सम्बन्धित प्रशासनिक निकायसम्मको भए पनि मुख्य सडकसँगै रहेको पोखरीमा निर्माण कार्य भइरहँदा सम्बन्धित निकायले समयमै चासो नदिएको भन्दै आलोचना भइरहेको छ।

स्थानीयले सिंग्रहिया पोखरी पुरेर निर्माण गर्ने कार्यका लागि कसले निर्णय गरेको हो ?, कुन योजनाअन्तर्गत बजेट विनियोजन भएको हो ? र कति रकम स्वीकृत तथा खर्च भएको हो भन्ने विवरण सार्वजनिक गर्न माग गरेका छन्। साथै, सरकारी जलाशयको जग्गामा निर्माण गर्न कानुनी स्वीकृति दिइएको भए त्यसको आधारसमेत सार्वजनिक गर्नुपर्ने उनको भनाइ छ।

# जनता समाजबादी पार्टी (जसपा) नेपालले गर्‍यो ४ जना प्रदेश सांसदलाई कारबाही

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ भदौ**



जनता समाजवादी पार्टी (जसपा) ले पार्टीको नीति र निर्णय विपरीत कार्य गरेको भन्दै कोशी र लुम्बिनी प्रदेशका ४ जना प्रदेश सभा सदस्यहरूलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ। जसपाको केन्द्रीय कार्यकारिणी समितिको बैठकले अनुशासन उल्लंघन गरेको भन्दै कोशी प्रदेशकी सांसद निर्मला लिम्बू र लुम्बिनी प्रदेशका चार सांसदहरू सन्तोष कुमार पाण्डेय, हेमा वेल्वासे के.सी., भण्डारीलाल अहिर, आदेश कुमार अग्रवाललाई कारबाही गर्ने निर्णय गरेको हो।पार्टीले गत निर्वाचनमा पार्टीको नीति र विधान विपरीत कार्य गर्ने दुई दर्जन स्थानीय तहका जनप्रतिनिधि तथा कार्यकर्ताहरूलाई पनि साधारण सदस्यबाट हटाउने निर्णय गरेको छ।विराटनगर। जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीको नीति र निर्णय विपरीत कार्य गरेको भन्दै कोशी र लुम्बिनी प्रदेशका ४ जना प्रदेश सभा सदस्यहरूलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ। ललितपुरको बालकुमारीमा भदौ १६ देखि १८ गतेसम्म बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले अनुशासन उल्लंघन गरेको भन्दै जनप्रतिनिधिहरूलाई कारबाही गर्ने निर्णय गरेको हो। लुम्बिनी प्रदेश सभामा पार्टीका तर्फबाट निर्वाचित प्रदेश सभा सदस्यहरू रुपन्देही निर्वाचन क्षेत्र नं ३ (१) बाट निर्वाचित सन्तोष कुमार पाण्डेय, समानुपातिक निर्वाचन तर्फबाट निर्वाचित हेमा वेल्वासे, बाँके निर्वाचन क्षेत्र नं. २ (१) बाट निर्वाचित भण्डारीलाल अहिर र बाँके निर्वाचन क्षेत्र नं. २ (२) बाट निर्वाचित आदेशकुमार अग्रवाललाई अनुशासन सम्बन्धी कारबाही गर्दै पार्टी साधारण सदस्यबाट समेत निष्कासन गर्ने निर्णय गरेको उनले विज्ञप्तिमार्फत जानकारी गराएका छन्। पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षता र संरक्षक महन्थ ठाकुरको उपस्थितिमा बसेको उक्त बैठकले पार्टीभित्रको अनुशासनलाई कडाइका साथ लागू गर्ने सन्देश दिएको छ। कारबाहीमा परेका सांसदहरूको पद रिक्त गर्न सम्बन्धित प्रदेश सभाहरूमा छिट्टै पत्राचार गरिने सो पार्टीले जनाएको छ। पार्टीले स्थानीय तहका जनप्रतिनिधिलाई समेत कारबाही गरेको छ। त्यस्तै, पार्टीका तर्फबाट स्थानीय तहहरूमा निर्वाचित जनप्रतिनिधिहरू सिरहा जिल्ला लहान नगरपालिकाका उपप्रमुख राम चलित्तर महतो, सुखवा नन्कारकट्टी गापा वडा नं. ४ रमेश कुमार यादव, धनगढीमाई नगरपालिका वडा नं. ७ विजय कुमार महतो, कर्जन्हा नगनारपालिका वडा नं. ६ प्रकाशमान श्रेष्ठ, कर्जन्हा नगरपालिका वडा नं. ८ शम्भु कुमार व्यार, कर्जन्हा नगरपालिका वडा नं. ९ मो. मुस्तकिम, कर्जन्हा नगरपालिका वडा नं. ११ किस्मत राईलाई साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको छ। पर्सा जिल्ला कालिकामाई गापा वडा नं. ३ का अध्यक्ष संजय कुमार पटेल र सोही गाउँपालिका वडा नं. १ का अध्यक्ष लालबाबु राउत बरै, प्रदेश नम्बर १ समानुपातिक तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य निर्मला तावा, खोटाङ जिल्ला समन्वय समितिका प्रमुख सन बहादुर राई, केपीलासगढी गापा उपप्रमुख गुरुराज राईलाई कारबाही गरेको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**महोत्तरी गाउँपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: अनावश्यक चिन्ता
तुला: लामो यात्राको योग छ
वृश्चिक: आम्दानी हुने
धनु: शुभ कार्यको शुरुवात
मकर: मित्रतामा फाटो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानप्रति थप कठोर बन्दै ट्रम्प प्रशासन, आर्थिक प्रतिबन्ध र सैन्य आक्रमण एकसाथ



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ भदौ**

इरानसँग विगत ६ महिनादेखिको युद्धलाई निष्कर्षमा पुर्याउन नसकेका अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अहिले आर्थिक दबाव र विनाशकारी सैन्य आक्रमणको दोहोरो रणनीति आक्रामक रूपमा अघि बढाएका छन् । विश्व बजारका बाँकी साझेदारहरूसँग इरानलाई एक्लाउने उद्देश्यले गत साता मात्रै 'अपरेसन इकोनोमिक आउटकास्ट' सुरु गरिएको थियो । यता, ट्रम्प प्रशासनले पछिल्ला दिनहरूमा हवाई आक्रमण पुनः सुरु गरेसँगै इरानले पनि त्यसको बदला लिएको छ । जसले पूर्ण क्षेत्रीय युद्धको त्रासलाई फेरि ब्युँताइदिएको छ । तर, ६ महिनाभन्दा बढी समयदेखि जारी युद्धका बीच इरानमाथि थोपरिएको कडा प्रतिबन्ध र पटकपटकका बम वर्षाहरूले पनि इरानी नेतृत्वलाई घुँडा टेकाउन सकेको छैन ।

यसले विश्वभर महँगी बढाएको छ । अमेरिकामा पनि पेट्रोलको मूल्य चर्को छ । यसको असर नोभेम्बरमा हुने मध्यावधि संसदीय निर्वाचनमा ट्रम्पको रिपब्लिकन पार्टीले व्यहोर्नुपर्ने अनुमान धेरैले लगाएका छन् । ट्रम्पले बुधबार युद्ध धेरै समय नजाने दाबी गरेका थिए ।

तर, यस्तो दाबी २८ फेब्रुअरीमा इरानमाथि आक्रमण गरेदेखि नै लगातार उनले गर्दै आएका छन् । यद्यपि, इरान युद्धले रिपब्लिकन पार्टीलाई आगामी चुनावमा असर गर्ने कुरालाई भने उनले खारेज गरेका छन् । 'यसले कुनै फरक पार्दैन । म यसबाट प्रभावित छैन,' सञ्चारकर्मीहरूसँग उनले भने, 'म चुनावी मैदानमा छैन । तर मेरो पार्टी मैदानमा छ र म मेरो पार्टीलाई सहयोग गर्नेछु । इरानलाई आणविक हतियार प्राप्त गर्न नदिनु नै हाम्रो अडान हो । पार्टीले पनि यस कुराको सम्मान गर्छ जस्तो मलाई लाग्छ ।'

इरानलाई आर्थिक रूपमा एक्ल्याउने रणनीतिअनुसार गत साता ट्रम्प प्रशासनले ठूलो तामझामका साथ नयाँ अभियानको घोषणा गरेको थियो । उसले इरानसँग वित्तीय तथा व्यापारिक सम्बन्ध राख्ने देशहरूमाथि प्रतिबन्ध लगाउने निर्णय गर्यो । तर यो अभियान हालसम्म खासै प्रभावकारी देखिएको छैन । अहिलेसम्म संयुक्त अरब इमिरेट्स (यूएई) मा रहेको एक इजिप्टियन बैंकको शाखा मात्र कारबाहीमा परेको छ । इरानका मुख्य साझेदार चीन, भारत र रुसले नटेरेसम्म यी प्रतिबन्धहरू प्रभावकारी बन्न नसक्ने विज्ञहरूले बताएका छन् । चिनियाँ राष्ट्रपति सी चिनपिङलाई ट्रम्पले यसै महिना (सेप्टेम्बर) को अन्त्यमा वाशिङ्टनमा स्वागत गर्ने तयारी गरिरहेका छन् । त्यही कारण, उनी इरान मामिलालाई लिएर चीनमाथि प्रतिबन्ध लगाउन तत्काल इच्छुक देखिएका छैनन् । हर्मुज जलमार्गको विषयलाई लिएर इरान र ट्रम्पका आआफ्नै दाबी छन् । युद्ध सुरु हुनुअघि विश्वको २० प्रतिशत कच्चा तेल बाहिरिने यस जलमार्गमा आफ्नो नियन्त्रण कायम रहेको दाबी इरानको छ । इरानले इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) सँग अनुमति लिएर मात्र अघि बढ्न जहाजहरूलाई निर्देशन दिएको छ । आइआरजीसीसँग अनुमति नलिएका जहाजहरूमाथि आक्रमण पनि गरिरहेको छ ।

# बलिउडमा डेब्यू गर्दै अरहान खान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ भदौ**

बलिउड अभिनेता अरबाज खान र अभिनेत्री मलाइका अरोड़ाको छोरा अरहान खान छिट्टै बलिउडमा डेब्यू गर्दैछन् ।



लामो समयदेखि अरहानको बलिउड डेब्युबारे चर्चा सुनिँदै आएको थियो । अब भने उनको डेब्यू पक्कापक्की भएको छ । अरबाजले एक्सन फिल्ममार्फत बलिउडमा डेब्यु गर्न लागेको खबर सार्वजनिक भएको छ । जुमको रिपोर्टअनुसार अरहान निर्देशक अनिरुद्ध अय्यरको आगामी एक्सन फिल्ममा देखिने भएका हुन् । यद्यपि, फिल्मको शीर्षक र अरहानले निर्वाह गर्ने भूमिकाबारे अहिलेसम्म कुनै जानकारी सार्वजनिक गरिएको छैन । अरहान पछिल्लो समय बलिउडका कार्यक्रम, पार्टी तथा विभिन्न सामाजिक समारोहमा देखिँदै आएका छन् । अब भने आफ्ना बुबा अरबाज खान र आमा मलाइका अरोड़ाको बाटो पछ्याउँदै उनी अभिनयमा करिअर सुरु गर्ने तयारीमा छन् । अनिरुद्ध अय्यरले यसअघि आयुष्मान खुराना र जयदीप अहलावत अभिनीत एन एक्सन हिरो निर्देशन गरिसकेका छन् । अब उनले बनाउन लागेको नयाँ एक्सन फिल्मबाट अरहानलाई बलिउडमा लन्च गर्ने तयारी गरिएको बताइएको छ । तर अरहानको डेब्युबारे अहिलेसम्म उनी स्वयं उनका अभिभावक वा निर्देशक अय्यरले औपचारिक घोषणा गरेका छैनन् ।

त्यसैले फिल्मसँग सम्बन्धित थप विवरणका लागि आधिकारिक घोषणा कुर्नुपर्नेछ । यसअघि पनि अरहानको बलिउड प्रवेशलाई लिएर चर्चा भएको थियो । फिल्ममेकर विक्रम फडनिसले सामाजिक सञ्जालमा अरहानसँगको तस्बिर सार्वजनिक गरेपछि उनी फिल्ममा आउन लागेको अड्कलबाजी थप चुलिएको थियो । अरबाज खानले पनि यसअघि छोराको फिल्मी डेब्युबारे प्रतिक्रिया दिएका थिए ।

इन्डिया टुडेलाई दिएको अन्तर्वार्तामा उनले अरहानका लागि कुनै राम्रो स्क्रिप्ट आए आफूहरूले त्यसबारे छलफल गर्ने बताएका थिए । अरहानका लागि आफूभन्दा पहिले अरू कसैसँग स्क्रिप्ट पुगेको भए पनि त्यसलाई हेर्न आफूहरू तयार रहेको उनको भनाइ थियो ।

# कलश यात्रासहित श्रीकृष्णाष्टमी पूजा सुरु



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ भदौ**

बर्दिबासमा शुक्रबार कलश यात्रासहित श्रीकृष्णाष्टमी पूजा सुरु भएको छ । गोपाल सेवा समिति, नगर कार्यसमिति बर्दिबासको आयोजनामा निकालिएको कलश यात्रासँगै यस वर्षको श्रीकृष्णाष्टमी पूजा सुरु गरिएको हो ।

बर्दिबास चोकबाट सुरु भएको कलश यात्रा लच्का हुँदै रातु खोलासम्म पुगेको थियो। यात्रामा गोपालवंशी परिवारका सदस्य तथा स्थानीय श्रद्धालु भक्तजन गरी करिब १५० देखि २०० जनाको सहभागिता रहेको आयोजकले जनाएको छ । रातु खोलामा पुगेपछि सहभागीले पवित्र जल सङ्कलन गरी कलशमा राखेका थिए । त्यसपछि धार्मिक विधिअनुसार पूजा-आराधना गरी कार्यक्रम सम्पन्न गरिएको थियो । कलश यात्रामा बालबालिका, युवा, महिला तथा ज्येष्ठ नागरिकको समेत सहभागिता रहेको थियो ।

गोपाल सेवा समिति, नगर कार्यसमिति बर्दिबासका पदाधिकारी विनोद यादवले धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको श्रीकृष्णाष्टमी पर्वलाई सामाजिक एकता र आपसी सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले मनाउन लागिएको बताउनुभयो। उहाँका अनुसार पर्वका अवसरमा तीन दिनसम्म विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ । समितिले विगत चार वर्षदेखि बर्दिबासमा श्रीकृष्णाष्टमी पर्व मनाउँदै आएको जनाएको छ । यस वर्ष पूजा-आराधनासँगै भजन-कीर्तन लगायतका कार्यक्रमसमेत आयोजना गरिने आयोजकले जनाएको छ ।

**जिल्ला धनुषा, धनुषाधाम नगरपालिका वार्ड न. 5, धनुषामा स्थापना भई संचालन हुने जी नेचुरल फुड प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

**मधेश प्रदेश धनुषा जिल्ला धनुषाधाम नगरपालिका वार्ड न. 5 मा स्थापना भई संचालन हुने जी नेचुरल फुड प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- जी नेचुरल फुड प्रा.लि.<br>ठेगाना:- धनुषाधाम नगरपालिका वार्ड न. 5, धनुषा<br>सम्पर्क नं:- 9854029897 |
| प्रस्तावको ब्यहोरा : | धनुषाधाम नगरपालिका वार्ड न. 5, धनुषाको किता नं. 511,534,1009 को क्षेत्रफल 1-0-3-0 (बिघा-कठ्ठा-धुर) भएको जग्गा र सो मा निर्माण भई संचालन हुने जी नेचुरल फुड प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: | धनुषाधाम नगरपालिका-5 |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय: | धनुषाधाम नगरपालिका<br>5 नं. वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगाना: | नाम:- जी नेचुरल फुड प्रा.लि.<br>ठेगाना:- धनुषाधाम नगरपालिका वार्ड न. 5 धनुषा<br>सम्पर्क नं:- 9854029897 |
| परामर्शदाताको नाम र ठेगाना: | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्ति: शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल: shambhuprasadchaurasia@gmail.com |

